# आप्रवासी कामदारहरूको अधिकार

## विषयगत पुस्तिका




राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

सबैका लागि मर्यादा, समानता र न्याय

# आप्रवासी कामदारहरूको अधिकार

विषयगत पुस्तिका


प्रकाशक

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

२०६९

| | | |
|---|---|---|
| **लेखन** | : | कमल थापाक्षेत्री |
| **संयोजन** | : | वेदप्रसाद भट्टराई |
| | : | सूर्य बहादुर देउजा |
| **सम्पादन** | : | वेदप्रसाद भट्टराई |
| | : | दुर्गा खड्का |
| | : | सूर्य बहादुर देउजा |
| | : | सम्झना शर्मा |
| | : | जीवन न्यौपाने |
| **शुद्धाशुद्धी** | : | कैलाशकुमार सिवाकोटी |
| **प्रकाशन मिति** | : | जेठ, २०६९ |
| **संस्करण** | : | प्रथम |
| **प्रति** | : | २००० |
| **प्रकाशन नं.** | : | ९३/१४२/२०६९ |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल। |
| **प्रकाशन सहयोगी** | : | राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सवलीकरण परियोजना |
| **मुद्रण** | : | युनाइटेड ग्राफिक प्रिन्टर्स, फोनः ४००९५७० |

---

वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई यस पुस्तिका एवम् यसका अंशहरू साभार गरी प्रयोगमा ल्याउँन सकिनेछ। यस बाहेक आयोगको पूर्व स्वीकृतीबिना यस पुस्तिकलाई व्यापारिक वा अन्य प्रयोजनको लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउँन पाइने छैन।

# पुस्तिका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोगले मानवअधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको स्थितिलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्नो स्थापनाकालदेखि नै विभिन्न ढङ्गबाट कार्य गर्दै आएको छ। मानवअधिकारका विविध विषय र सवालहरूलाई समष्टिगत रूपमा हेर्दा कतिपय विशिष्ट अधिकारहरूको उपभोगबाट वञ्चितीकरणमा परेका मानिसहरूको लागि मानव अधिकारको विषय गौण बन्न नजाओस् भन्ने उद्देश्यका साथै आयोग स्वयम्को आत्मसमीक्षा र भावी कार्ययोजनाहरूमा समेत परिमार्जन, परिष्करणको लागि यो विषयगत पुस्तिका प्रकाशन गर्ने जमर्को गरिएको छ। यसबाट यस क्षेत्रमा आयोगले गरेका कामकारबाहीहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सङ्क्षिप्तमा जानकारी गराउने प्रयास गरिएको छ। सम्बन्धित सरोकारवालाहरू सबैको सुझावबाट यसलाई भविष्यमा अझ परिस्कृत गर्दै लैजान सकिने छ।

यस पुस्तिकामा नेपालमा आप्रवासी कामदारहरूको अधिकारको सङ्क्षिप्त परिचय, अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, आयोगले निर्वाह गरेको भूमिका तथा गतिविधिहरू, अनुसन्धान, अनुगमन र सम्वर्द्धनात्मक कार्यहरूलाई समेटिएको छ। त्यसैगरी हाल आयोगमा अनुसन्धानको क्रममा रहेका उजुरीहरूको अवस्था, आयोगले प्रदान गर्ने सेवाहरू, आयोगका हालसम्मका प्रकाशनहरू एवम् विभिन्न निकायहरूसँग आयोगले गरेका सहकार्यसमेतलाई उजागर गर्ने प्रयत्न गरिएको छ।

अन्त्यमा, यो परिचयात्मक पुस्तिका तयारीका क्रममा विशेष सहयोग गर्ने मानव अधिकार अधिकृत जीवन न्यौपाने, घनश्याम भण्डारी, तथ्याङ्क उपलव्ध गराई सहयोग गर्नुहुने मानव अधिकार सहायक तारादेवी वाग्ले, खिमानन्द बस्याल, मन्दिरा श्रेष्ठ लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरू विशेष धन्यवादका पात्र छन्। आशा छ, यस विषयमा चासो राख्नुहुने सबै महानुभावहरूको लागि यो प्रकाशन एक उपयोगी सामग्री हुनेछ।

**राष्ट्रिय मानव अधिकार आयोग**

## विषय–सूची


| | | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | नेपालमा आप्रवासी कामदारहरूको अधिकारको अवस्था | २ |
| ३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता | ४ |
| ४. | आयोगको भूमिका | ४ |
| ५. | आयोगका गतिविधिहरू | ८ |
| | ५.१. उजुरीहरू र सिफारिसहरूको अवस्था | १० |
| | ५.२. आयोगले प्रदान गर्ने सेवाहरू | ११ |
| | ५.३. आयोगका प्रकाशन | १२ |
| ६. | आयोगको सहकार्य | १४ |
| ७. | आयोगका कार्यालयहरू | १६ |

# आप्रवासी कामदारहरूको अधिकार

## १. परिचय

### १.१.पृष्ठभूमि

नेपाली अर्थतन्त्रको कुल गार्हस्थ उत्पादनको २० प्रतिशत हिस्सा विप्रेषणले ओगटेको भएता पनि राज्यबाट आप्रवासी कामदार तथा यिनका परिवारहरूको मानवअधिकार संरक्षण र सम्वर्द्धनको क्षेत्रमा अपेक्षित कार्य हुन सकेको छैन । ग्रामीण अर्थतन्त्रको मेरुदण्डको रूपमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणले योगदान गर्नुका साथै गरिवी निवारणमा समेत महत्वपूर्ण तत्वको रूपमा रहेको छ । बढ्दो सङ्ख्यामा आप्रवासी कामदारहरू विदेशी मुलुकमा जाने क्रमसँगै ठगी, शोषण, परिवारको विखण्डन तथा रोजगारमा गएको देशबाट हुने यातना तथा अमानवीय व्यवहारका कारणबाट मानवअधिकार उल्लङ्घन तथा ज्यादतिबाट पीडित भैरहेका देखिन्छन् ।

नेपालले वैदेशिक रोजगार ऐन, २०६४ तथा यस सम्बन्धी नियमावलीमार्फत वैदेशिक रोजगारलाई नियमन र आप्रवासी कामदारहरूको हकअधिकार तथा कल्याणका सम्बन्धमा सकारात्मक पहल राखेको भए पनि अधिकांश आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षण हुन सकेको छैन । राष्ट्रिय मानव अधिकार आयोग २०५७ जेठ १३ गते स्थापना भएपश्चात् आयोगले आप्रवासी कामदारहरूको अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि निर्वाह गरेको भूमिकाका बारेमा आयोगले जानकारी दिँदै आएको छ । यसै तथ्यलाई मध्यनजर राखी नागरिक समाज, मानव अधिकारका क्षेत्रमा कार्यरत अधिकारकर्मीहरूलगायत सम्बद्ध सम्पूर्ण सरोकारवाला अधिकारी, निकायहरूलाई यस विषयमा जानकारी दिने वा सूचित गर्ने मुख्य उद्देश्यले यो आप्रवासी कामदारहरूको अधिकारको परिचयात्मक पुस्तिका प्रकाशनमा ल्याइएको हो । प्रस्तुत पुस्तिकामा आप्रवासी कामदारको अधिकार, अवस्था, अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू,आयोग स्थापनादेखि हालसम्म सम्बन्धित विषयमा परेका उजुरी

र उजुरीहरूउपर आयोगले गरेका कामकारबाही एवम् गतिविधिहरू, नागरिक समाजलगायत सरोकारवाला निकायहरूसँगको सहकार्य लगायतका विषयहरूलाई उजागर गर्ने प्रयत्न गरिएको छ। प्रस्तुत पुस्तिकाबाट यस क्षेत्रमा कार्यरत सम्पूर्ण सङ्घसंस्थाहरू, मानवअधिकारकर्मी एवम् सरोकारवालासमेतलाई सहयोग पुग्ने विश्वास गरिएको छ।

### १.२ आप्रवासी कामदारसम्बन्धी इकाइ स्थापना

वैदेशिक रोजगारमा जानेहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धनको लागि गन्तब्य मुलुकहरूमा स्थापना भएका राष्ट्रिय मानव अधिकार संस्थाहरू, मानव अधिकार संरक्षण तथा सम्वर्द्धनसम्बन्धी कार्यरत गैरसरकारी संस्थाहरू एवम् नेपालका परराष्ट्र मन्त्रालयमार्फत सम्बन्धित दुतावास, काउन्सिलरहरूसँग आयोगले समन्वय गर्दै आएको छ। शोषणमा र अलपत्र परेकाहरूको उद्दार, स्वदेश फिर्तिजस्ता कार्यहरू एवम् वैदेशिक रोजगारलाई नियमन गर्न, सुरक्षित वैदेशिक रोजगारीका उपायहरू अवलम्बन गर्ने जस्ता कार्यहरूमा अध्ययन अनुसन्धान गरी नीतिगत सिफारिसहरू गर्न, पीडितहरूलाई सम्बन्धित निकायहरूबाट उपचार लिनको लागि सहजीकरण गर्न लगायतका कार्यहरूमा पनि जोड दिँदै आएको छ। आप्रवासी कामदारहरू र तिनिहरूको परिवारको अधिकार संरक्षणसम्बन्धी इकाइको स्थापना गरी आयोगले कार्य गर्दै आएको छ।

## २. नेपालमा आप्रवासी कामदारहरूको अधिकारको अवस्था

बिश्व परिप्रेक्ष्यमा आप्रवासनलाई हेर्दा संसारमा २१४ मिलियन (२१,४०,००,०००) मातृभूमि छाडेर विदेशमा मुख्यतः पेशा र रोजगारीको क्रममा आप्रवासनमा रहेका छन्। आप्रवासनमा रहेको जनसंख्या करिव ३ प्रतिशत रहेको छ। सन् २०१० मा ४४० विलियन डलर विप्रेषण प्रवाह भएको थियो। विश्वमा धेरै मानिस आप्रवासीको रुपमा भित्र्याउने मुलुकमा संयुक्त राज्य अमेरिका, रसिया, जर्मनी, साउदी अरव र क्यानडाको स्थान उच्च छ। यसैगरी आफ्नो जनसंख्याको दृष्टिले बढी आप्रवासी भित्र्याउने मुलुकहरूमा कतार, मोरक्को, यू.ए.ई र कुवेत रहेकाछन्। *(Migration & Remittacces Factbook 2011 l The World BanK)*

नेपालमा आप्रवासनको इतिहासलाई हेर्दा २०० बर्ष भन्दा पुरानो ईतिहास देखिन्छ।सन् १८१६ को सुगौली सन्धी पश्चात व्रिटीस भारतमा रोजगारीको निमित्त भर्ती हुने प्रक्रिया (लाहुरे) शुरु भयो। नेपालीहरू बर्मा, भुटान, भारत,

बर्मा, बंगालादेश, थाइल्याण्ड, चीनको स्वशाशित क्षेत्र तिव्वत, मलेसिया लगायतका मुलुकहरूमा स्थायी रुपमा प्रवासन भई नेपाली भाषी सोही देशका नागरिक वा नेपाली आप्रवासीको रुपमा रहन थाले । आज नेपालीहरू सँस्थागत रुपमा १०८ मुलुकमा र व्यक्तिगत रुपमा विश्वका अधिकांश मुलुकमा आप्रवासनमा छरिएर रहेका छन् । सन् २००६ को निड्स (NIDS) यूनिफेम (UNIFEM) ले गरेको एक अध्ययनअनुसार १५ लाख देखी २० लाखसम्म नेपाली कामदारहरू भारतमा रहेको देखाएको छ । नेपालमा बैदेशीक रोजगारीको बर्तमान अवस्थालाई हेर्ने हो भने प्रतिबर्ष करिब ४ लाख श्रमशक्ति आन्तरिक श्रम बजारमा प्रवेश गर्ने, श्रम बजारको तिन चौथाइलाई वैदेशिक रोजगारीले नै रोजगारीको अवसर प्रदान गरेको । भारत बाहेक अन्य मुलुकमा करिव २३ लाख नेपालीहरू  वैदेशिक रोजगारीमा गएका, नेपाली कामदारको मुख्य गन्तव्य मुलुकहरूमा  मलेशिया, कतार, साउदी अरव यू.ए.ई., वहराइन, दक्षिण कोरिया आदि रहेको,कूल गार्हस्थ उत्पादनमा रेमिट्यान्सको योगदान २० प्रतिशत रहेको  विश्व वैङ्कको प्रतिवेदन २०११ ले जनाएको छ । नेपालको ५६ प्रतिशत घर परिवारमा रेमिटेन्सको प्रवाह हुने गरेको, वैदेशिक रोगार नै यूवा रोजगारी र गरिवी निवारणको मुख्य आधार हुन आएको ।  नेपाल सरकारले बैदेशीक रोजगारलाई सुरक्षित बनाउनको लागि गन्तब्य मुलुकहरू United Arab Emirates, Qatar, Baharain, South Korea (EPS) , Japan मा Industrial Intern  का लागि श्रम सम्झौता गरेको छ ।

वैदेशिक रोजगारको सिलसिलामा पुरुषहरू औद्योगिक कामदारको रूपमा बढी र महिलाहरू घरेलु कामदारको रूपमा वैदेशिक रोजगारमा जाने गरिएको देखिन्छ । करिब २३ लाख नेपाली कामदारहरू आप्रवासी कामदारका रूपमा विभिन्न देशहरूमा कार्यरत रहेको तथ्याङ्कले देखाएको छ । त्यस्ता देशहरूमध्ये ९० प्रतिशत कामदारहरू कतार, साउदी अरेबिया, दुवइ, मलेसिया आदि देशमा रहेको तथ्य वैदेशिक रोजगार विभागबाट प्रकाशित प्रतिवेदनबाट देखिन्छ । अधिकांश आप्रवासी कामदारहरू अदक्ष कामदारका रूपमा मात्रै जाने गरेको र केवल २ प्रतिशत दक्ष, २३ प्रतिशत अर्धदक्ष र ७५ प्रतिशत अदक्ष कामदारका रूपमा वैदेशिक रोजगारमा जाने गरेको तथ्य देखिन्छ । त्यसैगरी विभिन्न अध्ययनअनुसार आप्रवासी कामदारहरूको वास्तविक तथ्याङ्क अद्यावधिक नभएको र छिमेकी देश भारतको बाटो हुँदै अवैध रूपमा वैदेशिक रोजगारमाजाने कामदारहरूको सङ्ख्या अत्यधिक रहेको अनुमान गरिन्छ ।

# ३. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता

वैदेशिक रोजगारलाई सुरक्षित र नियमन गर्नका लागि वैदेशिक रोजगार ऐन २०६४, नियमावली २०६४ नेपाल सरकारले लागू गरी सुरक्षित वैदेशिक रोजगारलाई कार्यान्वयनमा ल्याएको छ। त्यसैगरी हालै नेपाल सरकारले वैदेशिक रोजगार नीति, २०६८ समेत लागू गरेको छ। आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी प्रत्यक्ष रूपमा सम्बोधन गर्ने दस्तावेजहरू नेपाल सरकारले अनुमोदन नगरेता पनि सोसँग सरोकार राख्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय मञ्चहरूमा प्रतिबद्धताहरू ब्यक्त गरेको छ। विशेषतः अन्तर्राष्ट्रिय श्रम सङ्गठनसँग सम्बन्धित विभिन्न अभिसन्धिहरूको नेपाल पक्षराष्ट्र बनिसकेको छ।

## ३.१. राष्ट्रिय कानुनहरू

नेपालको अन्तरीम संविधान, २०६३ अन्तर्गत मौलिक अधिकारहरू प्रत्याभूत भएअनुरूप नेपाली आप्रवासी कामदारहरूलाई लागू हुन्छ। जसमा समानता र अविभेदलाई प्रत्याभूत गरिनुलाई कामको अधिकार, शोषण र दासता वा बलात् श्रमविरुद्धको अधिकारलाई सुनिश्चित गरिएको छ। संविधानले आप्रवासी कामदारहरूको सम्बन्धमा कुनै ठोस प्रावधान नराखेता पनि विभिन्न राष्ट्रिय नियमावली नीति तथा कार्यक्रममार्फत आप्रवासी कामदारहरूको अधिकार र सोबाट प्राप्त विप्रेषणलाई नियमन गर्ने केही सकारात्मक पहलहरू भएका छन्।

वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४ ले आप्रवासी कामदारहरूको संरक्षण र वैदेशिक रोजगार व्यवसायीहरूलाई नियमन गर्ने सम्बन्धमा धेरै सकारात्मक प्रावधानहरू समावेश गरेको छ। उक्त ऐनमा भएका प्रमुख प्रावधानहरूलाई देहाय बमोजिम उल्लेख गरिएको छ :

(क) सरकारले कामदार पठाउन सक्नेः यस ऐनले सरकार स्वयम्ले विभिन्न देशहरूमा कुटनीतिक सम्बन्ध कायम गरी पारदर्शी संयन्त्र निर्माण गरी कामदार पठाउन सक्ने व्यवस्था गरेको छ।

(ख) वैदेशिक रोजगार व्यवसायको नियमनः यस ऐनले वैदेशिक रोजगार व्यवसायीले विदेशमा कामदार पठाउँदा अनिवार्य रूपमा सेवा शुल्क सम्बन्धी भर्पाइ बुझाउनुपर्ने, सीमाअनुसारको सेवाशुल्क तोक्नुपर्ने र श्रम स्वीकृतिका लागि निर्धारण गरेको प्रकृया पूरा गरेको हुनुपर्ने भनी वैदेशिक रोजगारलाई नियमन गर्ने प्रावधान राखेको छ।

(ग) राष्ट्रिय विमानस्थलको प्रयोग: यस ऐनले वैदेशिक रोजगारमा जानका लागि अनुमति लिनुपूर्व राष्ट्रिय विमानस्थलको प्रयोग गर्नुपर्ने भन्ने प्रावधान राखी तेस्रो देशबाट अवैध रूपमा कामदार पठाउने प्रचलनलाई निरुत्साहित गर्ने प्रयास गरेको छ ।

(घ) वैदेशिक रोजगारसम्बन्धी संयन्त्रको व्यवस्था : यस ऐनले श्रम तथा यातायात मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्डजस्ता संयन्त्रहरू निर्माण गरी वैदेशिक रोजगारमा जान चाहने कामदारहरूको लागि सेवा र सुविधाहरू उपलब्ध गराउँदै आएको छ । यसका साथै वैदेशिक रोजगारसम्बन्धी ठगी लगायतका अपराधहरूका सम्बन्धमा अनुसन्धान तथा मुद्दा चलाउने कार्यमा यस्ता संयन्त्रहरूलाई जिम्मेवारी प्रदान गरिएको छ ।

(ङ) बर्हिक्षेत्रीय अधिकार: यस ऐनले नेपालीहरूको लागि नेपाल बाहिर हुने गैरकानुनी क्रियाकलापहरू र ठगीका सम्बन्धमा हेर्न सक्ने गरी बहिर्क्षेत्रिय अधिकार प्रदान गरिएको छ ।

(च) अनुसन्धान तथा अभियोजन: यस ऐनले वैदेशिक रोजगारमा हुने ठगीको घटनालाई फौजदारी अभियोगअन्तर्गत वर्गीकरण गरी वैदेशिक रोजगार प्रवर्द्धन विभागलाई यस सम्बन्धमा अनुसन्धान गरी अभियोजन गर्ने जिम्मेवारी सुम्पिनुका साथै पक्राउपूर्जीबिना नै गिरफ्तार गर्न सक्ने अधिकार प्रदान गरेको छ ।

(छ) वैदेशिक रोजगारसम्बन्धी न्यायाधीकरण: यस ऐनले वैदेशिक रोजगारसँग सम्बन्धित मुद्दाहरूको सम्बन्धमा वैदेशिक रोजगारसम्बन्धी न्यायाधीकरणको व्यवस्था गर्नुका साथै सर्वोच्च अदालतलाई पुनरावेदन अदालतको रूपमा रहने गरी राखिएको छ ।

(ज) श्रम-सहचारीको व्यवस्था: यस ऐनले ५००० वा सो भन्दा बढी आप्रवासी कामदार रहेको देशमा श्रमसहचारी राख्नुपर्ने व्यवस्था गरेको छ ।

द्विपक्षीय सम्झौता: नेपाल सरकारले वैदेशिक रोजगारका निमित्त कामदार पठाउने सम्बन्धमा विभिन्न देशहरूमा सन्धिसम्झौतामार्फत विशेष व्यवस्थासमेत गरेको छ । यसै क्रममा नेपाल सरकारले कोरियामा कामदार पठाउने उद्देश्यले EPS पद्दतिअन्तर्गत न्यूनत्तम शुल्कमा औद्योगिक कामदार पठाउनको लागि सम्झौता गरेको छ । यस्तै जापानसँग समेत औद्योगिक

प्रशिक्षार्थीहरू पठाउने सम्बन्धमा सम्झौता गरेको छ। यसका अतिरिक्त दुवइ र बहराइनसँग द्विपक्षीय सम्झौता सम्पन्न गरेको छ।

वैदेशिक रोजगारसँग सम्बन्धित अन्य कानुन तथा नियमावलीहरूमा, अध्यागमन ऐन २०४९, अध्यागमन नियमावली, २०५१ राहदानी ऐन, २०२० राहदानी नियमावली २०६७, वैदेशिक रोजगार नीति २०६८, मानव बेचबिखन/ओसारपसार नियन्त्रण ऐन, २०६४ र मानव बेचबिखन/ओसारपसार नियन्त्रण नियमावली २०६५ प्रमुख रूपमा रहेका छन्।

## ३.२ अन्तर्राष्ट्रिय सन्धि/कानुनहरू

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले व्यक्तिको रोजगारको अधिकार, आवागमनको अधिकार लगायत आधारभूत मानव अधिकारको सम्बन्धमा उल्लेख गरेको छ। नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६, आर्थिक,सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध १९६६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक अभिसन्धि, १९६६, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको महासन्धि, १९८४, मृत्युदण्डको उन्मूलनसँग सम्बन्धित नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोस्रो ऐच्छिक अभिसन्धि, १९८९, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ लगायतका प्रमुख मानव अधिकारसम्बन्धी महासन्धिहरूले समेत आप्रवासी कामदारहरूका अधिकारहरूको प्रत्याभूत गरेको छ।

### अन्तराष्ट्रिय श्रम सङ्गठनसँग सम्बन्धित अभिसन्धिहरू

अन्तर्राष्ट्रिय श्रम सङ्गठनसँग सम्बन्धित अभिसन्धिहरू अन्तर्गत साप्ताहिक बिश्राम (उद्योग) सम्बन्धी महासन्धि, १९२१ जबरजस्ती श्रमसम्बन्धी महासन्धि, १९३० संगठित हुने र सामूहिक सौदावाजी अधिकारसम्बन्धी महासन्धि, १९४९ लगायतका अभिसन्धिहरू रहेका छन्। त्यसैगरी समान पारिश्रमिक सम्बन्धी महासन्धि, १९५१ जबरजस्ती श्रम उन्मूलनसम्बन्धी महासन्धि, १९५७ पेशा र रोजगारी विभेदसम्बन्धी महासन्धि, १९५८ न्यूनतम पारिश्रमिक निर्धारणसम्बन्धी महासन्धि, १९७० न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ समेत प्रमुख रूपमा रहेका छन्। यसका अतिरिक्त त्रि-पक्षीय परामर्श (अन्तर्राष्ट्रिय श्रम मापदण्ड) महासन्धि, १९७६, निकृष्ट बालश्रमसम्बन्धी

महासन्धि, १९९९,मर्यादित कामका लागी घरेलु कामदार सम्बन्धी अन्तराष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धी १८९ लगायतका अभिसन्धिहरू, श्रम अधिकार सँग सम्बन्धित अभिसन्धिहरू रहेको छ । नेपालले विभिन्न अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी अभिसन्धिहरू अनुमोदन गरी लागू गरिसकेको भएता पनि आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकार संरक्षणसम्बन्धी महासन्धि सन् १९९० अनुमोदन गरेको अवस्था छैन ।

## ४. आयोगको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ । संविधानको धारा ३२ अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख छ । उल्लिखित कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारको सम्बन्धमा समेत स्पष्ट रूपमा उल्लेख गरिएको छ । यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलब्ध गराउँदै आएको छ । आयोगलाई संविधान तथा ऐन प्रदत्त काम तथा कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारको सम्बन्धमा देहायबमोजिम सङ्क्षेपमा उल्लेख गरिएको छ :

१. आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने,

२. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले प्रतिवेदन पठाउनुअघि रायको लागि आयोगसमक्ष लेखी पठाउने,

३. आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकताअनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउने,

४. मानव अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

५. मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने,

६. आयोगमा प्राप्त उजुरी वा जानकारी वा आयोगले आफ्नै स्वविवेकमा छानबिन तथा अनुसन्धान गरेको विषय तथ्यहीन लागेमा वा सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएमा आयोगले सोको कारण खुलाई त्यस्तो उजुरी, जानकारी वा विषय जुनसुकै समयमा खारेज गर्न वा तामेलीमा राख्न सक्ने,

७. अन्तर्राष्ट्रिय कानुनबमोजिम मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने विषयमा बाहेक आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराइ पाउन संयुक्त निवेदन दिएमा आयोगले तोकिएबमोजिम मेलमिलाप गराइदिन सक्ने ।

यसप्रकार आयोगको संविधान तथा ऐनप्रदत्त काम कर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई मानव अधिकार संरक्षणात्मक कार्य, मानव अधिकार सम्वर्द्धनात्मक कार्य एवम् मानव अधिकारको वकालत गरी तीनवटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको पाइन्छ ।

## ५. आयोगका गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले साविकमा मानव अधिकार आयोग ऐन, २०५३, वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम आयोगले मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ । मानव अधिकार संरक्षण सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनमा आयोगको निरन्तर गतिविधिहरू एवम् पेरिस सिद्धान्तअनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिनाभित्रै राष्ट्रिय मानव अधिकार संस्थाहरू (National Human Rights Instituions) को अन्तर्राष्ट्रिय समन्वय समिति (International Co-ordination Commitee-ICC) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले वैदेशिक रोजगारबाट पीडितहरूको सन्दर्भमा सम्मान, संरक्षण र पालनाको लागि पीडितहरूबाट,यस क्षेत्रमा काम गर्ने

सङ्घसंस्थाबाट प्राप्त उजुरी, जानकारीहरूको सम्बन्धमा चासो राख्दै उजुरीहरूमाथि आवश्यक कामकारबाहीहरू गरिरहेको छ। प्रायः उजुरीहरू




तोकिएअनुसारको काम नपाएको, पारिश्रमिक नपाएको, अलपत्र परेकोले उद्दार, ठगीजस्ता विषयहरूमा पर्न आएको देखिन्छ। आयोगमा उजुरीहरूको सम्बन्धमा आयोगले परराष्ट्र मन्त्रालयसँग समन्वय गरी परराष्ट्र मन्त्रालयमार्फत पहल गर्दै आइरहेको छ। गन्तव्य मुलुकका मानव अधिकारवादी सङ्घसंस्था एवम् राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग समन्वय गरी आप्रवासी कामदारहरूको समस्याको विषयमा कार्य गर्दै आइरहको छ। यसै सन्दर्भमा दक्षिण कोरीयाको राष्ट्रिय मानव अधिकार संस्थासँग समझदारीपत्रमा (Memorandum of Understanding) मा हस्ताक्षर गरी सो देशमा रहेका नेपाली कामदारहरूको हकअधिकारको संरक्षणको लागि कोरियाको राष्ट्रिय मानव अधिकार आयोगमा नेपाली भाषामा नै उजुरी दिने व्यवस्थासमेत गरिएको छ। यसैगरी नेपालमा रहेका कोरियाली नागरिकहरूको हकमा राष्ट्रिय मानव अधिकार आयोग नेपालमा उजुरी दिई हक अधिकारको संरक्षणको लागि कार्य गर्ने व्यवस्था मिलाएको छ। आप्रवासी कामदारहरूको अधिकारको सम्मान र पालनाको लागि वैदेशिक रोजगारसम्बन्धी नीतिनियमहरूको बारेमा आयोगबाट प्रकाशित हुने मानव बेचबिखन (विशेष गरी महिला तथा बालबालिका) सम्बन्धी राष्ट्रिय प्रतिवेदनमार्फत नेपाल सरकार तथा अन्य सरोकारवालाहरूलाई नीतिगत तथा कार्यगत सुझावहरू समेत दिँदै आएको छ।

आप्रवासीहरूको हक अधिकार संरक्षणसम्बन्धी गतिविधिको बिषयमा आयोगबाट प्रकाशित हुने मानव बेचबिखन (विशेष गरी महिला तथा बालबालिका) सम्बन्धी राष्ट्रिय प्रतिवेदनमा वैदेशिक रोजगारसम्बन्धी छुट्टै परिच्छेद राखी

विभिन्न निकाय तथा संस्थाहरूबाट प्राप्त सूचना,जानकारी एवम् अध्ययनको आधारमा वैदेशिक रोजगारको अवस्थाको चित्रण गरिएको छ ।

त्यसैगरी सुरक्षित वैदेशिक रोजगारीको लागि नेपाल सरकारले अवलम्बन गर्नुपर्ने नीतिगत कार्यहरू एवम् अन्य कार्यहरूसमेत उल्लेख गरी सुझावसमेत समावेश गरिएको छ । त्यस्तै अन्य सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले समेत गर्नुपर्ने कार्यहरूको बारेमा समेत सुझाव समावेश गरिएको छ । आयोगले जापान, कतार, इण्डोनेशिया, यमन जस्ता मूलुकहरूको न्यायालयबाट मृत्युदण्ड पाएका तथा सङ्कटमा परेका आप्रवासी कामदारको उद्दारको सम्बन्धमा ध्यानाकर्षण गर्दै सम्बन्धित निकायहरूमा पत्राचार गर्दै आएको छ । इराकमा आतङ्ककारीहरूबाट निर्ममतापूर्वक हत्या गरीएका १२ जना नेपाली आप्रवासी कामदारहरूको सम्बन्धमा आयोगको ध्यानाकर्षण गर्दै उक्त घटनाको तत्कालीक प्रतिक्रियास्वरूप उत्तेजित समूहले सञ्चार माध्यमहरू तथा रोजगार कम्पनी उपर एवम् मस्जिदहरूमा भएको आक्रमणका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराएको थियो ।

## ५.१. उजुरीहरू र सिफारिसहरूको अवस्था

आयोगमा आप्रवासी कामदारहरूको अधिकारका क्षेत्रमा कार्य गर्ने संस्थाहरू मार्फत उजुरीहरू प्राप्त भइ रहेका छन् । हालसम्म आप्रवासी कामदारहरूसँग सम्बन्धित आयोगमा परेका उजुरीहरूको सङ्ख्या १०३ रहेको छ । अधिकांश उजुरीहरू सम्बन्धित निकाय परराष्ट्र मन्त्रालय,गन्तव्य मुलुकस्थित रहेका मानवअधिकार क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, नेपालस्थित यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्थासँग समन्वय गरी उजुरीहरूमाथि छानबिन गरिएको छ ।

### ५.१.१. उजुरीहरूको अवस्था

आप्रवासी कामदारहरूको अधिकार सम्बन्धमा आयोगमा परेका १०३ ओटा उजुरीहरू आयोगमा अनुसन्धानको क्रममा रहेका छन् । क्षेत्रगत रूपमा उजुरीहरूको विवरण देहायबमोजिम तालिकामा उल्लेख गरिएको छः

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उजुरी | ८ | २ | १ | २ | २ | १६ | ० | ३३ | ३९ | १०३ |

आयोगले नेपाल सरकारलाई २०६३ असार ७ गते एक पत्र पठाई भारत प्रशासित काश्मिरमा २०६३ जेठ २९ गते हिजबुल्ला मुजाहिद्धीन नामको

सङ्गठनले अपहरणपश्चात् हत्या गरिएका ८ जना नेपाली नागरिकहरू देल्सा, ऋषिदेव डल्लु, छोटा डल्लु, कालु ऋषिदेव, लक्ष्मी सिंह, ऋषि ताजपुरिया, चिंको ऋषिदेव र दिना मण्डलको सम्बन्धमा भारत सरकारसँग आवश्यक पहल गरी मृतकका परिवारहरूलाई उचित क्षतिपूर्ति दिलाउन तथा दोषीउपर कानुनी कारबाही गराउन कुटनीतिक तहमा शीघ्र पहल गर्न सिफारिस गरिएको छ । आयोगलाई प्राप्त भएको सूचनाअनुसार हत्या गरिएका सबै व्यक्तिहरू मोरङ, गोविन्दपुर १, मुसहरी टोलका रहेको बुझिएको छ । अन्य उजुरीहरू अनुसन्धानकै क्रममा रहेको हुनाले यस पुस्तिका लेखन अवधीसम्म नेपाल सरकारसमक्ष सिफारिस भइसकेको छैन ।

## ५.२. आयोगले प्रदान गर्ने सेवाहरू

आप्रवासी कामदारहरूको हकअधिकार संरक्षणका सन्दर्भमा आयोगले प्रदान गर्ने सेवाहरूमा प्राप्त उजुरीहरूमाथि छानबिन, समन्वय गरी सम्बन्धित निकायमा प्रेषण (Refer) गर्ने, नीतिगत सुझावहरू दिनेजस्ता कार्यहरू गर्दै आइरहेको छ । यसअलावा आयोगले देहायबमोजिमका सेवाहरू प्रदान गर्दै आएको छ :

- आप्रवासी कामदारहरूको उल्लङ्घन तथा ज्यादतिका उजुरीहरू ग्रहण गर्ने,
- आयोगले स्वविवेकीय आधारमा पनि उजुरी लिन सक्ने,
- उजुरीउपर प्रारम्भिक कारबाही गर्ने, पत्राचार तथा सोधपुछ गर्ने,
- आप्रवासी कामदारहरूको अधिकारको अवस्थाको अनुगमन गर्ने,
- उजुरीको छानवीन, तथ्य सङ्कलन, अनुसन्धान गर्ने,
- उजुरीउपर अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा सिफारिस गर्ने,
- सम्वर्द्धनात्मक तथा सचेतनात्मक गतिविधिहरू सञ्चालन गर्ने,
- सरोकारवाला निकायहरूसँग आप्रवासी कामदारहरूको अधिकार रक्षाका लागि समन्वय र सहकार्य गर्ने,
- अनुगमन, अध्ययन, अनुसन्धान तथा सम्वर्द्धनात्मक गतिविधिहरू सम्बन्धमा प्रकाशन गरी वितरण गर्ने,
- तालीम, अन्तरक्रिया, गोष्ठी, संवादका कार्यक्रमहरू सञ्चालन गर्ने,
- आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता तथा राष्ट्रिय कानुनहरूबारे जानकारी गराउने र
- राष्ट्रिय कानुन, नीति तथा कार्यक्रमहरू मानव अधिकार मैत्री भएनभएको सम्बन्धमा राय तथा सुझाव दिने ।

## ५.३. आयोगको प्रकाशन

आयोगद्वारा स्थापनाकालदेखि हालसम्मप्रकाशन भएका आप्रवासी कामदारहरूको अधिकारहरू लगायत विविध विषयहरूसँग सम्बन्धित अनुगमन, अनुसन्धान, कानुनी परामर्श एवम् सम्वर्द्धनात्मक गतिविधिहरूसँग सम्बन्धित प्रकाशनहरू सरोकारवालाहरूलाई निःशुल्क रूपमा वितरण गर्ने गरिएको छ । आयोगद्वारा प्रकाशित केही प्रमुख प्रकाशनहरूको सूची देहायको तालिकामा उल्लेख भएबमोजिम रहेका छन् :

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १. | राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी ब्रोसियर्स (नेपाली र अङ्ग्रेजी) २०५७ | |
| २. | राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०५८-२०६८ (नेपाली र अङ्ग्रेजी), ११ वटा | २०६८ |
| ३. | सङ्कटकाल र मानव अधिकार, अनुगमन प्रतिवेदन, २०५९ (नेपाली र अङ्ग्रेजी) | २०६० |
| ४. | नेपालमा मानव अधिकारको स्थितिः एक प्रतिवेदन, २०६० | २०६१ |
| ५. | मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिका राष्ट्रिय प्रतिवेदन, २०६२ | २०६३ |
| ६. | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज, २०६४-२०६८ | २०६८ |
| ७. | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा, २०६४-२०६८ | २०६८ |
| ८. | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढी, २०६४-२०६६ | २०६६ |
| ९. | Trafficking in Persons (Women and Children) National Report Summary (ONRT) | २०६५ |
| १०. | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वायनको अवस्था | २०६५ |
| ११. | Trafficking in Persons Especially on Women and Children in Nepal National Report 2006 - 2007 | २०६५ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १२. | राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयन सम्बन्धी अवस्था | २०६६ |
| १३. | A Research on Gender Vulnerability to Trafficking in the Context of Discrimination & Denial of Economic, Social & Cultural Rights in Mid & Far Western Region of Nepal, 2009 | २०६६ |
| १४. | आयोगको एक, दशक महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू, २०५७-२०६७ | २०६७ |
| १५. | Trafficking in Persons especially on Women & Children in Nepal National Report 2008-2009 | २०६७ |
| १६. | आायोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, २०५७-२०६७ | २०६७ |
| १७. | मानव बेचबिखन महिला तथा बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदन सारांश | २०६७ |
| १८. | The report of NHRCs Nepalon the UPR process | २०६७ |
| १९. | नागरिक समाजसँग आयोगको सहकार्य, सङ्क्षिप्त प्रतिवेदन | २०६८ |
| २०. | मानव अधिकारसम्बन्धी सङ्क्रमणकालीन न्यायका सम्बन्धमा आयोगको निर्णय | २०६८ |
| २१. | NHRC recommendations upon complaints in a decade(2000-2010) | २०६८ |
| २२. | Trafficking in Persons especially on Women & Children in Nepal National Report, 2009-2010 | २०६८ |
| २३. | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदनको सारसङ्क्षेप सन् २००९-२०१० | २०६८ |
| २४. | आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| २५. | मानव अधिकार प्रश्न-उत्तर सँगालो | २०६१ |
| २६. | An Assessment of Human Rights Protection Mechanism at Police Woman and Children Cell in Nepal, December 2004 (NHRC ONRT- The Asia Foundation ) | २०६२ |
| २७. | आयोगका पाँच वर्ष, २०५७-२०६२ | २०६२ |
| २८. | राष्ट्रिय मानव अधिकार आयोगक चारि वर्षक उपलब्धी (मैथिलीमा) | २०६१ |
| २९. | Pocket Book on the Seven main International Human Rights Treaties with Optional Protocols | |

# ६. आयोगको सहकार्य

## ६.१. नेपाल सरकार

आप्रवासी कामदारहरूका अधिकारका सम्बन्धमा आयोग र नेपाल सरकारबीच विभिन्न छलफल, विचार आदानप्रदान, पत्राचार, सहकार्य, छलफल हुँदै आएको छ । आयोगमा परेका उजुरीउपर अनुसन्धान गरी सिफारिस गरिएको अवस्था नभए तापनि कानुनको पूनरावलोकन गरी नीतिगत सिफारिसहरू कार्यान्वयन गर्न नेपाल सरकार तथा अन्य निकायबाट सकारात्मक पहल भइरहेको छ । यस अधिकार संरक्षण र सम्वर्द्धनका लागि आयोगले नेपाल सरकारका श्रम तथा यातायात व्यवस्था मन्त्रालय,वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ,परराष्ट्र मन्त्रालयसमेत सँग समन्वय र सहकार्यगर्दै आएको छ ।

## ६.२. नागरिक समाज

नागरिक समाज तथा गैरसरकारी संस्थाहरूमार्फत आयोगले आप्रवासी कामदारहरूको मानव अधिकारसम्बन्धी विभिन्न सूचना एवम् जानकारी र उजुरीहरू प्राप्त गर्ने गरेको छ । यसै गरी यस्ता संस्थाहरूले आयोगमा उजुरीहरू पठाई मानवअधिकार संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन् । अनुसन्धान, अनुगमनका क्रममा आयोगलाई विभिन्न राय, परामर्श, सुझावहरूसमेत दिँदै आएका छन् ।

मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठनहरूसँग आप्रवासी कामदारहरूको मानवअधिकारका सम्बन्धमा आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदै आएको छ । नेपालका पाँच विकास क्षेत्रका अधिकांश जिल्लाहरूमा आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूमार्फत आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ । पौरखी, पिपुल्स फोरम, सुरक्षित आप्रवासनको राष्ट्रिय सञ्जाल (National Network for Safe Migration), प्रवासी नेपाली समन्वय समिति (PNCC) लगायतका गैरसरकारी संस्थाहरूसँग समेत आयोगले सहकार्य गर्दै आएको छ ।

साथै मानव अधिकार राष्ट्रिय महाभेला, २००९,१० र ११ को सन्दर्भमा मानव अधिकारसँग सम्बन्धित १५० भन्दा बढी सङ्घसंस्थाहरू र आयोगको संयुक्त

आयोजनामा भव्यताका साथ विभिन्न विषय सँग सम्बन्धित कार्यक्रमहरू सम्पन्न भएका थिए । महाभेलाबाट पारित घोषणापत्रमा नागरिक तथा राजनीतिक अधिकारहरू, महिला आप्रवासी कामदार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेद, महिला मानव अधिकार लगायतका विषयमा विशेष जोड दिएको थियो । यसका अतिरिक्त आयोगका क्षेत्रीय, उपक्षेत्रीय कार्यालयहरूमार्फत क्षेत्रीय र स्थानीय तहमा पनि सरोकारवालाहरूबीच समन्वय र सहकार्य हुने गरेको छ ।

## ६.३. सञ्चारजगतसँगको सहकार्य

आप्रवासी कामदारहरूका मानव अधिकारका सवालहरूमा आयोगको धारणा सार्वजनिक गर्नका लागि आयोगले सञ्चारजगतको सहकार्य गर्दै आएको छ । हाल आएर आयोगले रेडियो सगरमाथाबाट मानवअधिकार सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसैगरी रेडियो/टिभी लगायतका सञ्चार माध्यमहरूबाट पनि आयोगले आप्रवासी कामदारहरूका अधिकारको सम्बन्धमा प्रचारप्रसार गर्दै आइरहेको छ । उल्लिखित अधिकारहरूको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित समाचारलाई आयोगले महत्त्वपूर्ण सूचनाको रूपमा ग्रहण गर्ने गरेको छ । विभिन्न अन्तर्क्रिया, छलफल, तालीम, सेमिनार एवम् गोष्ठीहरूमा सञ्चार क्षेत्रका व्यक्तित्वहरूलाई आयोगले महत्त्वपूर्ण स्थान दिँदै आएको छ ।

## ६.४. अन्तर्राष्ट्रिय निकायहरूसँगको सहकार्य

आयोगको क्षमता बिस्तार, भौतिक संरचना सुधार लगायतका विषयमा स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय निकायहरूसँग सौहाद्रपूर्ण सम्बन्ध र सहकार्य रहँदै आएको छ । यसै क्रममा आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालय (OHCHR Nepal) ले २०६५ फागुन ९ गते दुवै संस्थाहरूबीच सहकार्यसम्बन्धी मार्गनिर्देशन (Guideline of Cooperation) मा हस्ताक्षर सम्पन्न भएको थियो ।

आयोगको यूरोपेली युनियन सँगको सहकार्यले आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको बिस्तार भयो । यसबाट आप्रवासी कामदारहरूका मानव अधिकारसँग सम्बन्धित क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँगको पहुँच र सहकार्य सहज भएको छ । यस्तै आयोगले UN Women जस्ता संयुक्त राष्ट्रसङ्घीय

निकायसँग समेत सहकार्य गर्दै आएको छ। कोरिया, जापान लगायतका मुलुकहरूसँग समेत आयोगले समन्वय र सहकार्य गर्दै आएको छ।

## ७. आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

| | |
|---|---|
| हरिहर भवन, ललितपुर<br>इमेल nhrc@nhrcnepal.org<br>वेवसाइट www.nhrcnepal.org | पो.ब.न. ९१८२, काठमाडौं<br>फोन ०१ ५०१००१५, १६, १७, १८<br>फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५<br>हटलाइन २ ११ ११ ११ |

### क्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. विराटनगर | बरगाछी चोक | फोन ०२१ ४६१९३१, ४६१०९३<br>फ्याक्स ०२१ ४६११०० |
| २. जनकपुर | जनकपुरधाम | फोन ०४१ ५२७८११, ५२७८१२<br>फ्याक्स ०४१ ५२७२५० |
| ३. पोखरा | जनप्रिय मार्ग | फोन ०६१ ४६२८११, ४६२८२२<br>फ्याक्स ०६१ ४६५०४२ |
| ४. नेपालगञ्ज | शान्तिनगर | फोन ०८१ ५२६७०७, ५२६७०८<br>फ्याक्स ०८१ ५२६७०६ |
| ५. धनगढी | उत्तर बेहेडी | फोन ०९१ ५२५६२१, ५२५६२२<br>फ्याक्स ०९१ ५२५६२३ |

### उपक्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. खोटाङ | दिक्तेल | फोन ०३६ ४२०२८४ |
| २. रुपन्देही | बुटवल | फोन ०७१ ४४६९११ |
| ३. जुम्ला | खलङ्गा | फोन ०८७ ५२०२२२ |

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौ
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन २ ११ ११ ११

## क्षेत्रीय कार्यालयहरू

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, जनकपुरधाम
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्ायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर,
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

## उपक्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४

रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११

जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२